नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

निरिक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०७/१७ गते **मोबाइल खाद्य प्रयोगशाला भ्यान** परिचालन गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, सिन्धुली समेतको संयुक्त अनुगमन टोलीद्वारा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका तथा गोलन्जोर गाउँपालिकामा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका १२ वटा खाद्य व्यवसायको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो विवरण जारी गरिन्छ।

क्र.सं.	खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना	निरीक्षण अनुगमन सम्बन्धी विवरण	कारबाही/कैफियत
१.	सन्तोष खाजा घर, कमलामाई नगरपालिका-६, सिन्धुली	• फ्राइङ आयलको Total Polar Material (TPM) २०.५ रहेको । • उक्त तेल १/२ लिटर फेला परेको । • अन्य सरसफाई र भण्डारणको अवस्था सामान्य रहेको ।	• सञ्चालकको रोहवरमा उक्त तेल नष्ट गरिएको ।
२.	कृष्ण स्वीट एण्ड चाट हाउस, कमलामाई नगरपालिका-६, सिन्धुली	• फ्राइङ आयलको Total Polar Material (TPM) ४०.५ रहेको, अन्दाजी १.२ लिटर फेला परेको । • मिठाईमा लेबलिङ गरेको । • सरसफाई र भण्डारण सामान्य रहेको ।	• सञ्चालकको रोहवरमा उक्त तेल नष्ट गरिएको ।
३.	रामेछाप मिठाई डेरी पसल, गोलन्जोर-६, सिन्धुली	• सरसफाई सामान्य रहेको । • मिठाईमा लेबलिङ नगरेको ।	• लेबल विवरण राखेर मात्र मिठाई बिक्री वितरण गर्न निर्देशन दिइएको
४.	पूर्वेली भोजनालय एण्ड गेष्ट हाउस, गोलन्जोर-६, सिन्धुली	• सरसफाईको अवस्था सन्तोषजनक पाइएको । • म्याद गुज्रेको १०० ग्राम का ३ प्याकेट चाउमिन फेला परेको ।	• खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने । • सञ्चालकको रोहवरमा उक्त म्याद गुज्रेको खाद्य वस्तु नष्ट गरिएको ।
५.	होटल रिभरसाइड, गोलन्जोर-६, सिन्धुली	• सरसफाई सामान्य रहेको । • पाकेको खानेकुरा नछोपी राखेको पाइएको।	• खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने ।
६.	होटल काठमण्डप एण्ड गेष्ट हाउस, गोलन्जोर-६, सिन्धुली	• सरसफाई र भण्डारण सन्तोषजनक पाइएको ।	• खाद्य स्वच्छता कायम राख्ने।

क्र.सं.	खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना	निरीक्षण अनुगमन सम्बन्धी विवरण	कारबाही/कैफियत
७.	एरिका होटल एण्ड गेष्ट हाउस, गोलन्जोर-६, सिन्धुली	• म्याद गुज्रेको ७५० ग्रामका २० पिस खाद्य वस्तु फेला परेको । • किचन र भण्डारणको अवस्था सन्तोषजनक रहेको ।	• सञ्चालकको रोहवरमा उक्त म्याद गुज्रेको खाद्य वस्तु नष्ट गरिएको । • खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने ।
८.	कार्की होटल एण्ड लज, गोलन्जोर-६, सिन्धुली	• सरसफाई र भण्डारण सन्तोषजनक पाइएको ।	• खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने।
९.	चिन्तन चौतारी कोल्ड स्टोर, गोलन्जोर-६, सिन्धुली	• सरसफाई र भण्डारण सन्तोषजनक पाइएको ।	• खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने।
१०.	होटल अतिथि, गोलन्जोर-६, सिन्धुली	• किचन र भण्डारण सन्तोषजनक रहेको ।	• खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने ।
११.	न्यू लेकाली चुलो, गोलन्जोर-२, सिन्धुली	• म्याद गुज्रेको १०० ग्रामका ३ प्याकेटमसलाफेला परेको । • भण्डारण र सरसफाई सन्तोषजनक रहेको ।	• सञ्चालकको रोहवरमा उक्त म्याद गुज्रेको खाद्य वस्तु नष्ट गरिएको । • खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने ।
१२.	सिन्धुलीगढी दुग्ध संकलन तथा खुवा उद्योग, गोलन्जोर-२, सिन्धुली	• सरसफाई र भण्डारण सन्तोषजनक पाइएको ।	• खाद्य स्वच्छताको प्रक्रिया पूर्ण पालना गर्ने ।

अनुगमनको क्रममा रु. १,०५०/- बराबरका म्याद गुज्रेका खाद्य वस्तु ४ वटा पसलबाट तथा फ्राइङ आयलको TPM बढी भएका करिब २ लिटर तेल सञ्चालकको रोहवरमा नष्ट गरिएको।

अनुगमनका केहि झलकहरु





